गोरखापत्र
gorkhapatraonline.com

# अर्थबजार

**सुनचाँदी** (प्रतितोला रुपियाँमा)

| | | |
|---|---|---|
| छापावाल सुन | : | १६०००० ▼ |
| चाँदी | : | १९०५ ▼ |

**सेयर बजार**

| | | |
|---|---|---|
| नेप्से इन्डेक्स | : | २७४८.७८ (+१३.९५) ▲ |
| कारोबार रकम | : | १०,३२०,३३१,४३६ ▲ |
| कारोबार भएका सेयर | : | २१,६६०,६३९ |
| कारोबार सङ्ख्या | : | १०१,५४५ |
| कारोबार भएका कम्पनी | : | ३२१ |

# पहिलो पटक बङ्गलादेश जाँदै नेपालको बिजुली



**गोपालचन्द्र सुवेदी**
*काठमाडौँ, कात्तिक २९ गते*

नेपालबाट पहिलो पटक शुक्रबार ४० मेगावाट विद्युत् तेस्रो देश निर्यात हुने भएको छ । गत असोज १७ गते नेपाल, भारत र बङ्गलादेशबिच विद्युत् निर्यातका लागि सम्झौता भएकामा यस वर्षका लागि कात्तिक ३० गते एक दिन मात्र बङ्गलादेश विद्युत् निर्यात गर्न लागिएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ।

भारत निर्यातका लागि नेपालले प्रस्ताव गरेका जलविद्युत् आयोजना स्वीकृति तथा अन्य प्रक्रिया मिलाउन समय लागेकाले सुरुवातका रूपमा एक दिनकै लागि भए पनि निर्यात गर्न लागिएको प्राधिकरण विद्युत् व्यापार विभागका निर्देशक राजन ढकालले जानकारी दिनुभयो।

"विद्युत् निर्यातसम्बन्धी प्रक्रिया पूरा गर्न समय लागेकाले एक दिनका लागि मात्रै भए पनि विद्युत् निर्यात गर्न लागिएको छ," उहाँले भन्नुभयो। गत असोजमा सम्पन्न सम्झौता अनुसार नेपालले पाँच वर्षका लागि हरेक वर्ष जुन १५ देखि नोभेम्बर १५ सम्म ४० मेगावाट विद्युत् निर्यात गर्ने तालिका छ । सम्झौतामा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ बङ्गलादेश पावर डेभलपमेन्ट बोर्डका अध्यक्ष मोहम्मद रेजुल करिम र एनटिपिसी विद्युत् व्यापार निगम भारतकी प्रमुख कार्यकारी अधिकृत रेनु नारङ्गले हस्ताक्षर गर्नुभएको थियो।

शुक्रबार नेपाल, भारत र बङ्गलादेशका ऊर्जा मन्त्रीहरूले संयुक्त रूपमा विद्युत् निर्यात शुभारम्भ गर्ने कार्यक्रम तय भएको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ।

कार्यक्रमका अनुसार परराष्ट्र मन्त्रालयमा दिउँसो १२:५५ मा नेपालका ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का, बङ्गलादेशका ऊर्जा सल्लाहकार र भारतका पावर मिनिस्टरले संयुक्त शुभारम्भ गर्ने कार्यक्रम छ।

शुक्रबार प्राधिकरणले २५ मेगावाटको त्रिशूली र २२ मेगावाट चिलिमे जलविद्युत् आयोजनाको विद्युत् बङ्गलादेश पुऱ्याउँदै छ।

यी दुवै भारतमा विद्युत् निर्यातका लागि स्वीकृति पाइसकेका आयोजना हुन्। प्राधिकरणले बङ्गलादेश विद्युत् बिक्री गरी प्रतियुनिट ६.४० अमेरिकी सेन्ट पाउने छ।

नेपाल र भारतबिचको पहिलो अन्तरदेशीय ढल्केबर–मुजफ्फरपुर ४०० केभी प्रसारण लाइन हुँदै बङ्गलादेश निर्यात हुने विद्युत्को मूल्य प्राधिकरणले भारतको मुजफ्फरपुर विन्दुमा पाउने छ । अर्थात् बङ्गलादेश निर्यात हुने विद्युत्को मिटर मुजफ्फरपुरमा रहने छ।

ढल्केबरबाट मुजफ्फरपुरसम्मको प्रसारण लाइनको प्राविधिक चुहावट प्राधिकरणले नै बेहोर्ने छ। मुजफ्फरपुरबाट भारतको प्रसारण लाइनमार्फत बहरामपुर (भारत)–भेरमारा (बङ्गलादेश) ४०० केभी प्रसारण लाइन हुँदै बङ्गलादेश विद्युत् पुग्ने छ।

# चियाको निर्यातमा उछाल



- साउनदेखि असोजसम्म नेपालबाट एक अर्ब ७३ करोड रुपियाँको चिया निर्यात
- २० औँ वर्ष पुराना त्यस्ता बोटबाट राम्रो चिया नहुने भएकाले भारतीय व्यवसायी नेपाली चियाको खोजीमा
- माग अनुसार चियाको आपूर्ति कम भएपछि भारतले कुनै किसिमको शुल्क नलगाई नेपाली चिया आयात
- आगामी डेढ वर्ष नेपाली चियाले राम्रो मूल्य पाउन सक्ने सम्भावना

**विश्वास रेग्मी/कोकिला ढकाल**
*काठमाडौँ/इलाम, कात्तिक २९ गते*

अन्तर्राष्ट्रिय व्यापारमा केही वर्षयता तीव्र उतारचढाव बेहोरेको नेपाली चिया (सिटिसी) को निर्यातमा उछाल आएको छ । चालु आर्थिक वर्ष २०८१/८२ को तीन महिनामा नेपाली चियाको निर्यात मूल्य र परिणामका हिसाबले करिब ५० प्रतिशतले बढेको छ।

भन्सार विभागका अनुसार साउनदेखि असोजसम्म नेपालबाट एक अर्ब ७३ करोड रुपियाँको चियाको निर्यात भएको छ । यससँगै नेपालबाट धेरै निर्यात हुने वस्तुको सूचीमा चिया दोस्रो स्थानमा उक्लिएको छ। त्यसअघि आव २०८०/८१ को सोही अवधिसम्म एक अर्ब २० करोड रुपियाँको चिया निर्यात भएको थियो।

यस हिसाबले तीन महिनामै चिया निर्यात ५२ करोड रुपियाँले बढेको तथ्याङ्कले देखाउँछ । त्यसअघि आव २०७९/८० मा एक अर्ब २६ करोड रुपियाँको चिया निर्यात भएको थियो।

खासगरी भारतीय बजारमा नेपाली चियाको माग बढेपछि निर्यात बढेको राष्ट्रिय चिया तथा कफी विकास बोर्डका प्रवक्ता डा. दीपक खनालले बताउनुभयो। "भारतीय चियाका बोट पुराना हुँदै जाँदा उत्पादन घटेकाले त्यहाँबाट माग बढेको पाइएको छ," उहाँले भन्नुभयो। २० औँ वर्ष पुराना त्यस्ता बोटबाट राम्रो चिया नहुने भएकाले भारतीय व्यवसायीले नेपाली चियाको खोजी गरेको उहाँको भनाइ छ।

भारत विश्वमा धेरै चिया खपत हुने मध्येमा पर्छ । त्यसमा पनि सिटिसी चियाको खपत त्यहाँ धेरै हुन्छ।

सिटिसी चिया उत्पादनका लागि चर्चित भारतको दार्जिलिङलगायतका क्षेत्रमा नै उत्पादन घटेपछि नेपालतर्फको माग बढेको प्रवक्ता खनालले जानकारी दिनुभयो।

"जलवायु परिवर्तनको असरले पनि दार्जिलिङ जस्ता चिया धेरै उत्पादन हुने क्षेत्रमा नै चिया उत्पादन घटेका खबर आइरहेका छन्," उहाँले भन्नुभयो । भारतको आन्तरिक बजारलाई नै धेरै चिया चाहिने र विश्व बजारमा समेत दार्जिलिङ चिया भनेर गरिरहेको निर्यातमा समेत असर परेपछि नेपाली चियाको निर्यात बढेको उहाँले बताउनुभयो।

माग अनुसार चियाको आपूर्ति कम भएपछि भारतले कुनै किसिमको शुल्क नलगाई नेपाली चिया आयात गरिरहेको छ।

माग व्यवस्थापन गर्न भारतीय व्यवसायीले नेपाली उत्पादकले तोकेकै मूल्यमा चिया लगिरहेको उत्पादकले बताएका छन् । चिया सहकारी सङ्घका केन्द्रीय अध्यक्ष हर्क तामाङले भारतमा सात प्रतिशतले सिटिसी चियाको उत्पादनमा कमी आउँदा नेपाली उत्पादकले राम्रो मूल्यमा चिया बिक्री गरेको बताउनुभयो।

उहाँका अनुसार प्रतिकिलो १८५ भारतीय रुपियाँसम्ममा सिटिसी चिया बिक्री भएको छ । भदौ र असोजमा चियाको निर्यात बढे पनि कात्तिकमा भने नेपाली चियाको गुणस्तर केही कम हुँदा व्यापार केही कम भएको उहाँले बताउनुभयो। यद्यपि आगामी डेढ वर्ष नेपाली चियाले राम्रो मूल्य पाउन सक्ने सम्भावना देख्नु हुन्छ उहाँ।

माग बढ्दा नेपालबाट निर्यात हुने चियाको परिणाम पनि ह्वात्तै बढेको छ । यसअघि भारतीय व्यवसायीले वार्षिक ४५ लाख किलो धुलो चिया नेपालबाट लैजाने गरेकामा अहिले तीन महिनामै ६५ लाख किलोभन्दा बढी चिया लगेको बोर्डले जनाएको छ।

भारत निर्यात सिटिसी चिया झापामा मात्रै उत्पादन हुने गर्छ । झापा मात्रै वार्षिक दुई करोड किलो सिटिसी चिया उत्पादन हुने बोर्डको तथ्याङ्क छ। इलाम, पाँचथर, धनकुटा, तेह्रथुम जस्ता चिया धेरै उत्पादन हुने जिल्लामा उत्पादन हुने चिया अर्थोडक्स चिया हो। अर्थोडक्स चियाको निर्यात भने विगतमा जस्तै सामान्य नै रहेको छ।

# छुर्पीको गुणस्तर मापदण्ड मन्त्रीपरिषद्मा पेस गरिने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक २९ गते*

खाद्य स्वच्छता तथा गुणस्तर सिफारिस समितिको बैठकले छुर्पीको अनिवार्य गुणस्तरको मापदण्डमा तयार गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयमार्फत मन्त्रीपरिषद्मा पेस गर्ने निर्णय गरेको छ। बैठक समितिका अध्यक्ष एवं कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा. गोविन्दप्रसाद शर्माको अध्यक्षतामा विभागमा बिहीबार बसेको पहिलो पूर्ण बैठकले यस्तो निर्णय गरेको हो।

बैठकमा समितिका अन्य सदस्यमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, वन तथा वातावरण मन्त्रालयका सहसचिव, नेपाल कृषि अनुसन्धान परिषद्का वरिष्ठ वैज्ञानिक, नेपाल उद्योग वाणिज्य महासङ्घका प्रतिनिधि, उपभोक्ता हितसम्बन्धी संस्थाका प्रतिनिधि, त्रिभुवन विश्व विद्यालयका प्राध्यापक तथा खाद्यविज्ञसहितको प्रतिनिधिको सहभागिता रहेको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले जनाएको छ।

साथै सो बैठकले खाद्य स्वच्छता तथा गुणस्तर ऐनबमोजिम आवश्यकता र औचित्यताका आधारमा विज्ञ सम्मिलित विषयगत मसौदा तयारी उपसमिति गठन गर्न समितिका सदस्य सचिव एवं खाद्य प्रविधि विभागका महानिर्देशक सञ्जीव कर्णलाई जिम्मा दिने निर्णय गरेको पनि जानकारी दिइएको छ।

# कार्यविधि कार्यान्वयन गर्न माग

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक २९ गते*

नेपाल वैदेशिक रोजगार व्यवसायी सङ्घले युरोपमा संस्थागत रूपमा श्रमिक पठाउन सकिने एक वर्षअगाडि गरेको व्यवस्था कार्यान्वयन गर्नुपर्ने माग गरेको छ । सङ्घले श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको नेतृत्वमा गत वर्ष मागपत्र प्रमाणीकरणलाई थप सरलीकृत र व्यवस्थित बनाउन मागपत्र जाँचबुझ तथा सिफारिस गर्न बनेको कार्यविधि कार्यान्वयन गर्नुपर्ने माग सरकारसँग गरेको हो।

सरकारले गत वर्ष युरोपका सबै देशमा नेपालको राजदूतावास नभएकाले एउटै राजदूतले १० वटासम्म देश हेर्नुपर्ने भएको हुँदा समयमै माग प्रमाणीकरण गर्न सम्भव नहुने भन्दै श्रम मन्त्रालयकै नेतृत्वमा बनेको कार्यदलले माग प्रमाणीकरण गर्ने र संस्थागत रूपमा श्रमिक पठाउने गरी कार्यविधि बनाएको थियो।

कार्यविधिमा दूतावास भएका देशमा दूतावसले मागको प्रमाणीकरण गर्ने र नभएका देशको हकमा वैदेशिक रोजगार व्यवसायीले ल्याएका मागको कार्यदलले प्रमाणीकरण गर्ने उल्लेख छ।

सङ्घका प्रथम उपाध्यक्ष डिकबहादुर खत्रीले युरोपका विभिन्न देशबाट आकर्षक रोजगारका लागि ५० हजारको सङ्ख्यामा मागपत्र आएको माग दूतावासमा र १५ हजारको मागपत्र मन्त्रालयमा थन्किएको जानकारी दिनुभयो । कार्यविधि अनुसार मागपत्र प्रमाणीकरण गरेमा अनधिकृत माध्यमबाट व्यक्तिगत रूपमा जाँदा हुने ठगी नियन्त्रण भई संस्थागत रूपमा पठाउँदा धेरै सुरक्षित र व्यवस्थित हुने सङ्घले जनाएको उहाँका अनुसार प्रमाणीकरणको व्यवस्था भएमा वैदेशिक रोजगार व्यवसायी कम्पनीलाई थप जिम्मेवार बनाउन सकिने छ।

अर्को युरोपका हकमा एउटा दूतावासको कार्य क्षेत्रभित्र करिब १० वटा देश हेर्नुपर्ने बाध्यता रहेको छ। जसले गर्दा त्यो दूतावासले तोकिएको समयभित्र कार्यसम्पादनमा असमर्थ हुँदै आएको छ। त्यसैले पनि यो समस्याको समाधानका लागि वैकल्पिक समाधान खोजिनुपर्ने माग सरकारसँग गरेका छन्।

नेपालीमा रोजगारीको राम्रो अवसर नहुँदासम्म युरोप, इजरायल, दक्षिण कोरियालगायत आकर्षक श्रम गन्तव्य देशबाट प्राप्त मागलाई तत्काल संशोधन गर्नका लागि सरकारले मागपत्र प्रमाणीकरणलाई प्राथमिकता दिनुपर्ने सरकारसँग माग गरेका छन् । हाल सरकारले युरोपका थुप्रै देशमा संस्थागत रूपमा श्रमिक पठाउन नसक्दा ठुलो सङ्ख्यामा नेपाली युवा युरोपको रोजगारीका नाममा कन्सल्टेन्सी तथा बिचौलियाबाट ठगिएका छन्।

युरोपका विभिन्न देशबाट श्रमिकको मागपत्र प्राप्त भएको तर मागपत्र प्रमाणीकरण गरिदिने देशमा नेपाली दूतावास नभएका कारण संस्थागत श्रमिक पठाउन नसकिएको सङ्घका अध्यक्ष राजेन्द्र भण्डारीले बताउनुभयो।

# दसैँ र तिहारका सामान अझै चीनमा

**चित्र मिजार**
*सिन्धुपाल्चोक, कात्तिक २९ गते*

दसैँ, तिहार र जाडोयामका लागि नेपाली व्यापारीले काठमाडौँ ल्याउन लागेका सामान अझै चिनियाँ क्षेत्रमै अड्किएका छन् । अड्किएका सामानमा फलफूल र जाडो मौसमका लत्ताकपडा छन् । असोज १२ गतेको अविरल वर्षापछिको बाढीपहिरोले चिनियाँ क्षेत्र र तातोपानी क्षेत्रका सडक अवरुद्ध हुँदा ती सामान रोकिएको दुई महिना बित्न लागिसकेको छ। सामान खासा र केरुङको गोदाममै थन्किएपछि व्यापारी व्यवसायी चिन्तित भएको सिन्धुपाल्चोक उद्योग वाणिज्य सङ्घका अध्यक्ष बुद्धराज बस्नेतले दुःखेसो पोख्नुभयो।

फलफूल कुहिने र लत्ताकपडा र रेडिमेड सामानको फेसन आउट हुने अवस्था भएपछि ती सामान छिटो काठमाडौँ ल्याउने वातावरण तयार पार्न व्यापारी व्यवसायीले सरकारसँग माग गरेका छन् । खासाको चिनियाँ अध्यागमन कार्यालयले एक घण्टामा एउटा कन्टेनर जाँच गरेर छाड्ने गरेको छ । त्यसकारण खासातर्फ १५० भन्दा बढी कन्टेनर लाइनमा रहेका छन्। फलफूलका ३० भन्दा बढी कन्टेनर र दुई हजारभन्दा बढी लत्ताकपडाका कन्टेनर केरुङ गोदाममा अड्किएर बसेका छन्।

खासामा सडक निर्माण र सहर पुनर्निर्माणलाई देखाएर तातोपानी भित्रिन लागेका कन्टेनर महिनौँसम्म



**खासा क्षेत्रमा रोकिएका मालवाहक कन्टेनर ।**

सोही क्षेत्रको सडक किनारामा रहेका छन्। पार्किङ भाडा, चालक, सहचालकलाई खाने, बस्ने व्यवस्थालगायतका कारण लागत बढ्दै आएको छ। केरुङमा रहेको कोल्डस्टोर गोदाम भरपर्दो नभएकाले फलफूल कुहिने अवस्थामा छ।

कुहिन र सिजन आउट हुन नदिन केही व्यापारीले बढी भाडा तिरेर भए पनि सामान काठमाडौँ लैजाने तयारी गरिरहेका छन्। यसको मार उपभोक्तालाई पर्ने देखिन्छ।

खासा, ल्हासा क्षेत्रमा पनि सामान ढुवानी गर्ने ट्रान्सपोर्ट कम्पनीले भाडा बढाउने भएका छन्। महिना दिनभन्दा बढी पालो कुरेर बस्नु पर्दा खर्च बढी उठेकाले भाडा पनि बढाउन लागिएको ती कम्पनीले जनाएका छन्। खासामा सडक र पुनर्निर्माण भइरहे पनि रोकिएका कन्टेनर सबै छाड्न चिनियाँ पक्षसँग पटक पटक आग्रह गरिएको तातोपानी सुक्खा बन्दरगाह भन्सार कार्यालयका सूचना अधिकारी सूर्यप्रसाद काफ्लेले जानकारी दिनुभयो।

**Save the Children**

**TENDER NOTICE**

**Date of First Publication: Friday, November 15, 2024**
**Tender Reference No: SCI-NEP-ITT-CO-2024-002**

**Save the Children** believes every child deserves a future. In Nepal, and around the world, we give children a healthy start in life, the opportunity to learn and protection from harm. We do whatever it takes for children - every day and in times of crisis - transforming their lives and future we share. Save the Children expects that anyone associated with it abides by its Safeguarding and other Zero Tolerance Policies.

Save the Children invites qualified service providers to tender for following **'Goods and Services':**

- **Lot 1: Security Guard Services**
- **Lot 2: Facility Management Services**
- **Lot 3: Driver Outsourcing Services**

Detailed instruction and tender response documents are available here

**LAST DAY FOR SUBMISSION OF BIDS: 10th December 2024, 16:00 hrs (Nepal Time)**

Bid can be submitted via email to nepal.bids@savethechildren.org or delivered to Save the Children Office, Sambhu Marg, Sinamangal, Kathmandu.

Save the Children reserves the right to award none, part, or the whole of the tender to one, or more bidders.

**देवताल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पिप्राढी गोठ, बारा, मधेश प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत सम्बन्धी आशयको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१।७।३०**

देवताल गाउँ कार्यपालिकाको कार्यालयले तपसिलको मितिमा अनलाइन आह्वान गरेको तपसिलको ठेक्काका लागि दर्ता भई आएका तपसिल बमोजिमका बोलपत्रहरूको मूल्याङ्कन गर्दा तपसिलको बोलपत्र दाताहरूको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावकारी भएको पाइएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८१ को उपनियम (६) बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो ७ (सात) दिने आशय पत्रको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र. सं. | ठेक्का नं. | कार्यको विवरण | बोलपत्र आह्वान मिति | पेश भएका बोलपत्रहरूको सङ्ख्या | स्वीकृत बोलपत्र दाताको नाम तथा ठेगाना | निर्णय मिति | कबोल अङ्क रु. |
|---|---|---|---|---|---|---|---|
| १ | DRM/NCB/ W/01/2081/082 | इन्द्रदेव मा.वि.को अधुरो निर्माण कार्य | २०८१।६।८ | ७ (सात) | वेद कन्स्ट्रक्सन पकाहा मैनपुर–२, पर्सा | २०८१/७/२८ | ६३,०९,०४३।१३ |
| २ | DRM/NCB/ W/02/2081/082 | भोलानाथ प्रा.वि.को अधुरो निर्माण कार्य | २०८१।६।८ | १ (एक) | कृष कन्स्ट्रक्सन म.ग.न.पा.–१, बारा | २०८१/७/२८ | १३,३५,१६६।८६ |
| ३ | DRM/NCB/ W/03/2081/082 | श्री ने.रा.आ.वि धुराहाको अधुरो निर्माण कार्य | २०८१।६।८ | २ (दुई) | कृष कन्स्ट्रक्सन म.ग.न.पा.–१, बारा | २०८१/७/२८ | १७,८३,५८२।३४ |
| ४ | DRM/NCB/ W/04/2081/082 | (श्री ने.रा.आ.वि.बडकी फुलवरिया देवताल–१ विद्यालयको भवन निर्माण कार्य) | २०८१।६।८ | ४ (चार) | सागर कन्स्ट्रक्सन म.ग.न.पा–१, बारा | २०८१/७/२८ | २४,६५,६१८।४० |
| ५ | DRM/NCB/ W/05/2081/082 | (श्री ने.रा.प्रा.वि.रैवाही बर्वाको अधुरो निर्माण कार्य) | २०८१।६।८ | ३ (तीन) | सागर कन्स्ट्रक्सन म.ग.न.पा–१, बारा | २०८१/७/२८ | २३,४६,२०३।४२ |
| ६ | DRM/NCB/ W/07/2081/082 | (वाड नं.७ को वडा कार्यालय पिपरपाती जब्दीको अधुरो भौतिक पूर्वाधार निर्माण कार्य) | २०८१।६।८ | २ (दुई) | कृष कन्स्ट्रक्सन म.ग.न.पा–१, बारा | २०८१/७/२८ | ११,६३,०३१।२२ |
| ७ | DRM/NCB/ W/08/2081/082 | (सडक निर्माण कार्य गम्हरिया टोल) | २०८१।६।८ | ३ (तीन) | सागर कन्स्ट्रक्सन म.ग.न.पा–१, बारा | २०८१/७/२८ | २४,८६,३७९।५९ |
| ८ | DRM/NCB/ W/09/2081/082 | (गाउँपालिकाभरि स्वच्छ खानेपानी धारा जडान कार्य) | २०८१।६।८ | ४ (चार) | बनिमाई कन्स्ट्रक्सन एन्ड सप्लायर्स प्रा.लि. कलैया–१ | २०८१/७/२८ | २०,०६,५९१।१४ |